# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौंडा, मकवानपुर, नेपाल

---

## बैठक-६१

मितिः २०७८/०९/०८ गते बिहान ८:०० बजे

**निर्णयः**

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लिखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुको कार्यप्रगतिको अवस्थाबारे छलफल गरी जानकारी लिइयो। साथै उपसमितिहरुलाई आफ्नो काम कारबाहीको प्रतिवेदन यही पुस मसान्तसम्म पेश गर्ने गरी म्याद थप गर्ने।

२. प्रदेश सभाको आर्थिक वर्ष २०७८/८९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत विषयगत समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम रहेकोले उक्त कार्यक्रम समितिका सभापतिको नेतृत्वमा कर्णाली प्रदेश एवं सुदूरपश्चिम प्रदेशमा यही माघ महिनाको दोस्रो हप्ताभित्र सम्पन्न गर्ने।

३. प्रदेश सभाको आर्थिक वर्ष २०७८/८९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत विषयगत समितिका सदस्यहरुको कार्यक्षेत्र बमोजिम क्षमता अभिवृद्धि तालिम कार्यक्रम रहेकोले समितिका माननीय सदस्यहरुको लागि प्रदेश सरकारको सार्वजनिक लेखा, सार्वजनिक खरिद समितिको निर्णय तथा प्रतिवेदन लेखन सीप साथै सूचना प्रविधिको प्रयोग सम्बन्धी तालिम यही मिति २०७८ साल पुस १६ गते हेटौंडामा सञ्चालन गर्ने गर्ने। साथै सो सम्बन्धमा गर्नुपर्ने माननीय सभामुखज्यबाट कार्यक्रमको स्वीकृति, बजेट व्यवस्था, स्रोतव्यक्ती, सहभागीहरुलाई निमन्त्रणा, चिठीपत्र तथा सूचना लगायतका आवश्यक तयारी समिति सचिवालयले गर्ने।

४. प्रदेश सभाको आर्थिक वर्ष २०७८/८९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत प्रदेश अन्तर्गतका स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन र त्यसको प्रभावकारीता सम्बन्धी स्थानीय तहसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम रहेकोले उक्त

कार्यमक्रमलाई स्थानीय तहहरुको समय र पहुँचलाई मध्यनजर गर्दै पहिलो चरणमा हेटौडा, चितवन, काठमाण्डौं र धुलिखेलमा सञ्चालन गर्ने। साथै पहिलो चरणको कार्यक्रम यही मिति २०७८ साल पुस १७ गते हेटौडा र पुस १८ गते चितवन र अन्य स्थानमा आवश्यक छलफल गरी मिति तय गरी तत्काल नै सञ्चालन गर्ने। साथै सो सम्बन्धमा गर्नुपर्ने माननीय सभामुखज्यबाट कार्यक्रमको स्वीकृति, बजेट व्यवस्था, स्रोतव्यक्ती, सहभागीहरुलाई निमन्त्रणा, चिठीपत्र तथा सूचना लगायतका आवश्यक सम्पूर्ण तयारी समिति सचिवालयले गर्ने।

५. उपयुक्त निर्णय बमोजिमका कार्यक्रमहरुको माननीय सभामुखज्यूबाट स्वीकृत गर्ने।